ककनी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रानीपौवा, नुवाकोट
२०७३
३ नं. प्रदेश, नेपाल
सम्पर्क नं. ०१० ४११०२२

पत्र संख्या:-

चलानी नम्वर:-

मिति २०७४।११।२३

विषय:-

श्री ........................................

यस गाउंपालिका क्षेत्र भित्र संचालन गरिने क्रसर उद्योगहरु संचालन सम्वन्धी सूचना ।

१) पुराना क्रसर उद्योगहरु प्रदेश कानून नबने सम्मका लागी वडा कार्यालयहरुको सिफारिसमा गाउंपालिकामा दर्ता गरेर संचालन गर्नु पर्ने ।

२) उद्योगबाट संचालन हुंदा निस्कने लेदो माटो तथा अन्य प्रदुषणहरु स्वयं कम्पनीले नै व्यवस्थापन गर्नु पर्ने ।

३) खानी संचालन गर्दा जग्गाधनी तथा सांध संधियारको मन्जुरीनामा तथा जग्गाधनी पुर्जा सहित वडा कार्यालयबाट स्वीकृती लिनु पर्ने ।

४) वालुवा ढुङ्गा तथा गिट्टी, ग्रावेल, स्लेट ढुङ्गा निकासी गर्दा उक्त वस्तु उत्पादन हुने वडामा गाउंपालिकाले उत्पादन शुल्क स्वरुप प्रति गाडी निम्नअनुसार उत्पादन शुल्क निर्धारण गर्ने निर्णय गरियो ।

१) टिपर - रु. ६००।००
२) आईचर टिपर - रु. ३००।००
३) मिनी टाटा - रु. २००।००
४) गिट्टी ग्राभेल टिपर - रु. ३००।००
५) स्लेट ढुङ्गा प्रति स्क्वायर फिट - रु. ३।००

५) कम्पनीहरु वडाको सिफारिसमा गाउंपालिकामा दर्ता हुन पर्ने र दर्ता शुल्क २५,०००।०० (पच्चिस हजार) लिने र नविकरण शुल्क १०,०००।०० (दश हजार) लिने ।

६) कम्पनी संचालन गर्दा सार्वजनिक स्थल, सडक, खोला तथा मानव बस्तीभन्दा २०० मिटर टाढा दुरीमा रहनु पर्ने ।

७) उत्पादन कम्पनीले सम्वन्धित वडालाई यसै कार्यदलले लागत मुल्य हेरी तोकेको मुल्यमा भुकम्प पिडितलाई सामान दिनु पर्ने ।

८) प्रत्येक कम्पनीले वडाको सिफारिसमा कम्तीमा २ जनालाई रोजगारी दिनु पर्ने ।

९) माथि उल्लेखित कार्यहरु नगरी कम्पनीले लापर्वाही गरेमा र जनतालाई असरपारी जन गुनासो आएमा सम्वन्धित वडा कार्यालयले उक्त कम्पनी बन्द गराउन सक्नेछ ।

**आज्ञाले**
पूर्ण बहादुर खड्का ०७४।११।२३

Scanned by CamScanner